# सप्तरी जिल्ला अदालत

राजविराज

[प्रशासन शाखा]

☎ ०३१-५२१५९९
टोल फ्री नं. १६६०३१५२००५
Email: info.dcsaptari@supremecourt.gov.np

पत्र संख्या : २०७६/०७७

मितिः २०७७।३।१।२

## सूचना । सूचना ।। सूचना ।।।

विश्वव्यापी महामारीकोरुपमा फैलिएको कोरोना भाइरस (COVID-19) का कारण सिर्जित लकडाउन अवधिमा सुचारु काम कारवाहीबाहेक अन्य थप सेवा सुचारु गर्ने सम्बन्धमा उच्च अदालत जनकपुर, राजविराज इजलासका मुख्य भई काम गर्ने माननीय न्यायाधीशको अध्यक्षतामा राजविराज इजलासको सभाहलमा आज मिति २०७७।३।१ मा सप्तरी जिल्ला अदालतका माननीय न्यायाधीशहरु, उच्च तथा जिल्ला बार तथा सरकारी वकील बीच भएको परामर्श तथा छलफल कार्यक्रमबाट यस अदालतबाट प्रदान गरिने सेवा तथा काम कारवाहीका हकमा देहाय बमोजिम गर्ने गरी निर्णय भएको हुँदा सर्वसाधारण सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. लकडाउन अवधिमा सुचारु रहेका काम कारवाहीहरु मिति २०७७।३।१५ गतेसम्म यथावत कायम राखी अघि बढाउने ।
२. सर्वोच्च अदालतको मिति २०७७।२।२७ को आदेश र सो बमोजिम भएको मिति २०७७।२।२८ गतेको परिपत्र अनुसार घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ५ को उपदफा (२) बमोजिमको उजूरी (फिराद) दर्ता तथा सो उपरको कारवाही नियमित र व्यवस्थित गर्ने ।

२०७७।३।१।२

(कुमार मास्के)
स्रेस्तेदार (उप-सचिव)